अङ्क 13
Dekalb County School District का परिवारहरूलाई अभिभावदन,

हामी अक्टोबरमा प्रवेश गर्दै गर्दा तपाईंले निरन्तर रूपमा शैक्षिक उत्कृष्टतामा ध्यान केन्द्रित गर्नु भएकोमा तपाईंलाई धन्यवाद छ। हाम्रो भर्चुअल परिवेशमा सिकाइको उत्कृष्ट अनुभव प्रदान गर्न हाम्रा DCSD का शिक्षक तथा परिवारहरूले एकसाथ साझेदारी गर्ने प्रयास गरेका छन्। मलाई यो कुराले हरेक दिन प्रेरित गर्छ।

**प्रत्यक्ष उपस्थितिमा विद्यालय पुन: सुचारू गर्ने सम्बन्धमा**

यो शैक्षिक वर्षका केही महिनाहरू विद्यार्थी, आमाबाबु/अभिभावक, र कर्मचारीका लागि चुनौतीपुर्ण बनेको छ तथापि हाम्रा विद्यार्थीले ठोस शैक्षिक अनुभव प्राप्त गरुन् भनेर सुनिश्चित गर्नका लागि हामीले सबै चुनौतीहरूलाई एक हुने र नवप्रवर्तनशील हुने अवसरको रूपमा सामना गरेका छौं। हामीले सधैँ भन्दै आएका छौं, यस्तो खालको अनिश्चित समयमा हाम्रा कर्मचारी, विद्यार्थी तथा परिवारहरूको सुरक्षा तथा स्वास्थ्य हाम्रो प्राथमिकता भित्र पर्छ।

तपाईंहरूलाई थाहा छँदैछ, डिस्ट्रिक्टले जुलाई 13 मा प्रत्येक समिति बैठकका दौडान सबै सरोकारवालाहरूसँग मासिक अद्यावधिक आदान-प्रदान गर्ने प्रतिबद्धता जनाएको थियो। सेप्टेम्बर 14 को समिति बैठकका दौडान, डिस्ट्रिक्टले चरणबद्ध योजनाको बारेमा खुलासा र छलफल गर्यो। 14 दिनको औसत अवधि भित्र प्रत्येक 100,000 बासिन्दाहरूमा 100 वा कमलाई संक्रमण देखिएको खण्डमा डिस्ट्रिक्टले अर्को चरणमा जाने प्रक्रिया सुरु गर्न सक्छ तर यो भन्दा अगाडि प्रक्रिया सुरु गर्न सक्दैन। मेरो नेतृत्व अन्तर्गत, COVID-19 को विद्यालय पुन सुचारू गर्ने कार्यबलले दैनिक रूपमा तथ्याङ्कको प्रवृत्तिलाई अध्ययन गर्छ र 14 दिनको औसत अवधि भित्र संक्रमितको सङ्ख्या घटेको छ भनेर स्वीकार गर्दछ। सेप्टेम्बर 12 मा DeKalb काउन्टीका प्रत्येक 100,000 बासिन्दाहरूमा 122 जनामा संक्रमण देखिएको थियो भने अक्टोबरमा 02 मा 104 जनामा संक्रमण देखिएको छ।

संक्रमितको सङ्ख्या स्थिर रूपमा घट्छ भनेर अपेक्षा गर्दै डिस्ट्रिक्ट हाम्रा कर्मचारी, विद्यार्थी तथा परिवारहरूलाई अर्को चरणको लागि तयार बनाउन निम्न क्रियाकलापहरूमा सहभागी हुन्छ:

**काम**
चिकित्सा विशेषज्ञ सल्लाहकार समूहसँग दुई हप्ताको अन्तरालमा भेट गरिरहने
सल्लाहकार समूहसँग भेट गरिरहने
कर्मचारीलाई सूचना पठाउने
कर्मचारीलाई 2-हप्तासम्म मिश्रित कार्य वातावरणमा फर्कने सूचना पठाउने
चरण II सुरु गर्ने: मिश्रित कार्य वातावरण (10, 11, र 12 महिने कर्मचारी)
आमाबाबु/अभिभावकलाई फर्कने मनसाय को सूचना विद्युतीय रूपमा प्रवाह गर्ने
चरण III सुरु गर्ने: परम्परागत कार्य वातावरण प्रत्येक हप्ता 5 दिन (10, 11, र 12 महिने कर्मचारी)
डिजिटल लर्निङ आधा दिन
बेटा समूहका लागि एक दिने मिश्रित सिकाइ वातावरण सुरु गर्ने
मिश्रित सिकाइ वातावरण चयन गरेका सबै विद्यार्थीहरूका लागि मिश्रित सिकाइ वातावरण सुरु गर्ने र चयन नगरेका विद्यार्थीहरूका लागि दूर शिक्षा/रिमोट लर्निङलाई निरन्तरता दिने

**कृपया COVID-19 को तथ्याङ्क तथा स्वास्थ्य विशेषज्ञ तथा स्वास्थ्य सेवा एजेन्सीहरूले जारी गर्ने स्वास्थ्यसम्बन्धी वर्तमान निर्देशिकाका कारण अनुमानित समयरेखा परिवर्तन हुन सक्छ।** अक्टोबर 19 मा, COVID-19 को विद्यालय पुन सुचारू गर्ने कार्यबलले शिक्षा समिति तथा सबै सरोकारवालाहरूलाई मासिक अद्यावधिक प्रदान गर्नेछ।

**COVID-19 को विद्यालय पुन सुचारू गर्ने कार्यबलको बारेमा बारम्बार सोधिने प्रश्नहरू**

**प्रश्न: डिस्ट्रिक्टले समुदायमा कुन स्तरमा संक्रमण फैलिएको छ भनेर कसरी निर्धारण गर्छ ?**
**उत्तर:** COVID-19 को विद्यालय पुन सुचारू गर्ने कार्यबलले समुदायमा कुन स्तरमा संक्रमण फैलिएको छ भनेर निर्धारण गर्न 14 दिनको अवधिमा प्रत्येक 100,000 बासिन्दाहरूमा कति जनालाई कोभिड-19 को सक्रिय संक्रमण छ भनेर नजिकबाट निगरानी गर्छ।

**प्रश्न: समुदायमा संक्रमण कुन स्तरमा फैलन सक्छ ?**
**उत्तर:** Georgia Department of Public Health ले समुदायमा संक्रमण निम्न स्तरमा फैलन सक्छ भनेर परिभाषित गरेको छ:
धेरै फैलिएको : प्रत्येक 100,000 मा 100 घटनाहरू
न्यूनतम/मध्यम रूपमा फैलिएको: प्रत्येक 100,000 मा 6-100 घटनाहरू
शून्य/न्यून रूपमा फैलिएको: 1-5 घटनाहरू

**प्रश्न: समुदायमा संक्रमण फैलिएको प्रत्येक स्तरमा कुन-कुन सिकाइ पद्धति सिफारिस गरिन्छ ?**
**उत्तर:** रातो क्षेत्र, "संक्रमण धेरै फैलिएको ठाउँमा" दूर शिक्षा/रिमोट लर्निङ प्रयोग गरिन्छ। यो कुरा सम्पूर्ण स्कूल डिस्ट्रिक्टमा प्रभाव पार्ने गरी वा आइसोलेट गरिएको विद्यालयमा प्रभाव पार्ने गरी कार्यान्वयन गर्न सकिन्छ। यसको अवधि छोटो वा लामो हुन सक्छ।

पहेँलो क्षेत्र, "संक्रमण न्यूनतम/मध्यम रूपमा फैलिएको ठाउँ" ले निम्न विकल्पहरू समेट्छ: पूर्ण रूपमा दूर शिक्षा/रिमोट लर्निङ, मिश्रित वा परम्परागत। मिश्रित सिकाइ वातावरणमा विद्यार्थीहरू दिन बिराएर विद्यालयमा उपस्थित हुन्छन् र साथै घरबाट दूर शिक्षा/रिमोट लर्निङमा सहभागी हुन्छन्। संक्रमण न्यूनतम/मध्यम रूपमा फैलिएको अवस्थामा प्रयोग गर्न सकिने अर्को सिकाइ पद्धति भनेको परम्परागत हो जसमा सामाजिक दूरी र वातावरण सुरक्षित राख्ने न्युनिकरण रणनीतिहरू कार्यान्वयन गर्न सकिन्छ।

हरियो क्षेत्र, "संक्रमण न्यून वा शून्य रूपमा फैलिएको ठाउँ" मा पूर्व रूपमा सक्रिय भएर र सुरक्षासम्बन्धी नियमहरू कार्यान्वयन गरेर परम्परागत सिकाइ वातावरण प्रयोग गरिन्छ।

**प्रश्न: डिस्ट्रिक्ट कहिले अर्को चरणमा जानेछ ?**
**उत्तर:** डिस्ट्रिक्टले अझै पनि "संक्रमण पर्याप्त मात्रामा फैलिएको ठाउँको" वर्गीकरणमा पर्छ। स्थिर रूपमा संक्रमण घट्दै गइरहेको छ भन्ने कुरा बुझेर डिस्ट्रिक्ट विस्तारै र सुरक्षित तरिकाले कर्मचारी र विद्यार्थीहरूलाई पुन: प्रवेश गराउने तयारी गराइरहेको छ। निरन्तर रूपमा 6-100 बीचका संक्रमणका घटनाहरू (पहेँलो क्षेत्र) देखिएको खण्डमा हामी मिश्रित वातावरणमा जानेछौं। कृपया के कुरा याद गर्नुहोस् भने संक्रमितको सङ्ख्या 100 भन्दा माथि पुगेको खण्डमा मिश्रित पद्धति **रातो**मा सर्न सक्छ वा संक्रमितको सङ्ख्या 6 भन्दा कम भएको खण्डमा **हरियो**मा सर्न सक्छ।

**प्रश्न: मिश्रित सिकाइ सुरु भएपछि, विद्यार्थीहरूलाई कसरी व्यवस्थापन गरिनेछ ?**
**उत्तर:** सामाजिक/शारीरिक दूरीका नियमहरू र स्वास्थ्य निर्देशिका पालना गर्नका निम्ति विद्यालयले सबै कक्षाहरूलाई **वर्णानुक्रम** अनुसार **दुईवटा समूहहरूमा** विभाजन गर्नेछ। स्थानीय विद्यालयहरूले सहोदर दाजुभाइ दिदीबहिनीको तालिका मिलाउन परिवारहरूसँग सहकार्य गर्ने छन्। दुवै खालको मिश्रित पद्धतिमा (हप्ताको एक दिन र हप्ताको दुई दिनको पद्धतिमा), बुधबारका दिन सानो समूहको शिक्षण, ट्युटोरिङ, विद्यार्थी कन्फरेन्सको अपोइनमेन्ट, अभिभावक कन्फरेन्स, सेवाहरू, व्यवसायिक सिकाइ, सहयोगात्मक योजना र शिक्षण योजनाका लागि सुरक्षित गरिनेछ।

**प्रश्न: विशेष शिक्षा तथा 504 योजनाका विद्यार्थीहरूले कहिले देखि प्रत्यक्ष सेवाहरू प्राप्त गर्न थाल्ने छन् ?**
**उत्तर:** मिश्रित सिकाइ वातावरणले डिस्ट्रिक्टलाई मिश्रित सिकाइ हुने दिन विशेष शिक्षा सेवा र 504 योजनाका विद्यार्थीहरूलाई विद्यालयमा प्रत्यक्ष सेवाहरू प्रदान गर्न अनुमति दिन्छ। बोली भाषा, शारीरिक थेरापी, अकुपेसनल थेरापी र व्यवहारसम्बन्धी सहायता। संरचना र समयतालिका परिवर्तन हुने भएकाले विद्यार्थीहरूलाई विभिन्न चरणहरूमा जान तयार बनाउन बौद्धिक अपाङ्गताका सम्पर्क व्यक्ति र अटिज्म/व्यवहारका सहायता कर्मचारीले परिवार तथा शिक्षकहरूसँग सहकार्य गर्ने छन्।

**प्रश्न: कक्षाकोठा, विद्यालय वा समूहमा महामारी देखियो भने डिस्ट्रिक्टले यसलाई कसरी सामना गर्छ ?**
**उत्तर:** विद्यालयका कर्मचारी वा विद्यार्थीमा कोभिड-19 को संक्रमण पुष्टि भएको खण्डमा, विद्यालय र/वा कक्षाकोठामा लक्षित प्रभाव पर्छ जस अनुसार एउटा निश्चित अवधिको लागि घरबाटै अध्ययन र काम गर्न सकिन्छ।

**प्रश्न: कर्मचारी सदस्य वा विद्यार्थीमा कोभिड-19 का लक्षणहरू देखियो भने डिस्ट्रिक्टले कस्तो प्रतिक्रिया जनाउँछ ?**
**उत्तर:** कुनै कर्मचारी सदस्य वा विद्यार्थीलाई लक्षणहरू देखियो भने ती कर्मचारी सदस्य वा विद्यार्थीलाई तत्कालै अलग्गै राखिनेछ। डिस्ट्रिक्टले Georgia Department of Public Health, DeKalb Public Health र Centers for Disease Control and Prevention का निर्देशनहरू पालना गर्नेछ।

**प्रश्न: पुन: प्रवेशको तयारी गर्दै गर्दा विद्यार्थीलाई सहायतासम्बन्धी सेवाहरू प्रदान गरिनेछ ?**
**उत्तर:** हो, विद्यार्थीहरू सफल बन्छन् भनेर सुनिश्चित गर्नका लागि विद्यालयहरूले निरन्तर रूपमा सहायता प्राप्त गर्ने छन्। विद्यार्थीको सफलतालाई प्रभावित तुल्याउने अवरोधहरू हटाउनका निम्ति विद्यालयका सामाजिक कार्यकर्ता, मनोविज्ञहरू, परामर्शदाता र अन्य सहायता कर्मचारीले शिक्षक र प्रशासकहरूको नजिकमा बसेर काम गर्ने छन्।

**प्रश्न: हामीले विद्यालय पुन: प्रवेश गर्ने तयारी गर्दै गर्दा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना एकदम महत्त्वपूर्ण हुनेछ। डिस्ट्रिक्टले यो प्रयासमा कसरी सहयोग गर्नेछ ?**
**उत्तर:** डिस्ट्रिक्ट कर्मचारीहरूलाई स्थानीय विद्यालयहरूमा युवाहरूको मानसिक स्वास्थ्यसम्बन्धी सचेतनाको तालिम दिने कुरामा प्रतिबद्ध रहिरहनेछ। भर्चुअल रूपमा र प्रत्यक्ष उपस्थितिमा तालिम सम्पन्न हुन दिन मोड्युल विकास भइरहेको छ।

**प्रश्न: अभिभावकहरू पुन: प्रवेश गर्ने चरणमा विद्यालयहरूसँग कसरी जोडी रहनेछन् ?**
**उत्तर:** आमाबाबु तथा परिवार संलग्नता कार्यक्रमले अभिभावकहरूका लागि रणनितीहरू तथा उत्कृष्ट अभ्यासहरू आदान-प्रदान गर्न भर्चुअल प्लेटफर्म प्रयोग गरिरहनेछ। स्कूल डिस्ट्रिक्टको वेबसाइटले पनि पुन: प्रवेशको सम्बन्धमा अन्तिम जानकारी प्राप्त गर्ने उत्कृष्ट श्रोतको रूपमा काम गर्छ।

**प्रश्न: स्कूल डिस्ट्रिक्टले परिवारहरूका लागि अनुवादन र दोभासे सेवाहरू प्रदान गर्छ ?**
**उत्तर:** गर्छ। स्थानीय विद्यालयहरूले अनुवादन गर्नु पर्ने कागजातहरूका लागि English Learner Department मा सम्पर्क गर्नु पर्दछ। धेरै सङ्ख्यामा अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरू भएको विद्यालयमा दोभासे तोकिएको हुन्छ। घरमा अङ्ग्रेजी भाषा बाहेकको भाषा बोल्ने परिवारहरू (PHLOTE) को सङ्ख्या धेरै भएका विद्यालयहरूका लागि अतिरिक्त सहायता अनुरोध गर्ने सकिन्छ।

**प्रश्न: के फलको खेलकुद कार्यक्रममा सहभागीता जनाउने विद्यार्थीहरू प्रतिस्पर्धी खेल खेल्न सक्षम हुने छन् ?**
**उत्तर:** हो, डिस्ट्रिक्टले अक्टोबरको सुरु तिर विद्यालयका मुख्य टोलीहरूको प्रतिस्पर्धी खेल सुरु गर्न अनुमति दिनेछ। क्रियाकलापहरू हुने कि नहुने र दर्शकहरूलाई अनुमति दिने कि नदिने भनेर निर्धारण गर्न कोभिड-19 को स्वास्थ्य टोलीले निरन्तर रूपमा तथ्याङ्क अध्ययन गर्नेछ।

**प्रश्न: "सहायक समूह" को परिभाषा के हो ?**
**उत्तर:** सहायक समूहहरू मार्चिङ ब्यान्डसँग आबद्ध हुन्छन्। विद्यालयहरूमा फुटबल खेलहरूमा सहभागी हुने नृत्य टोली, झन्डा टोली, जमघट टोली, मार्चिङ ब्यान्डसँग नृत्य गर्ने टोली र ड्रिल टोली हुन्छ।

**प्रश्न: नाटक, वाद-विवाद, नृत्य/थिएटरका विद्यार्थीहरूलाई अभ्यास गर्न दिइन्छ ?**
**उत्तर:** पाठ्यक्रमसँग सम्बन्धित क्रियाकलापहरू (समाचार पत्र, साङ्गीतिक प्रस्तुति, कला कार्यक्रम, नक्कली परीक्षण, वाद-विवाद प्रतियोगिता, गणित टोली, हिज्जेसम्बन्धी खेल, विज्ञान मेला, रोबोटिक्स, र इन्जिनियरिङ टोली र प्रतियोगिताहरू) मिश्रित सिकाइको एक दिने वा दुई दिने चरण सुरु भएपछि सुचारू हुन्छन्। आफ्नो लागि तोकिएको दिन(हरू) मा विद्यालयमा उपस्थित भएको दिनमा विद्यार्थीहरू सहभागी हुन सक्षम हुन्छन्। GHSA द्वारा स्वीकृति प्रदान नगरिएको पाठ्यक्रमसम्बन्धी क्रियाकलापहरू र पाठ्यक्रम बाहिरका क्रियाकलापहरू (क्लबको खेलकुद सामवेश गरिएको) समाधान गर्न हामी स्थानीय विद्यालयका अधिकारीहरूसँग निरन्तर रूपमा सहकार्य गरिरहने छौं।

**प्रश्न: पोड (pod) को अर्थ के हो ?**
**उत्तर:** पोड (pod) मा पोडसम्बन्धी क्रियाकलापको सम्पूर्ण अवधिमा एउटै समूहका विद्यार्थीहरू हुन्छन्। निर्देशक र कमान्डर र उनीहरूको कर्मचारीले विद्यार्थीका लागि पूर्व रूपमा पोड (pod) समूह निर्दिष्ट गर्नु पर्दछ। पोड (pod) को निर्दिष्टीकरण दिन दिनै हेरफेर गर्नु हुनु हुँदैन। कुनै पोड (pod) बाट अर्को व्यक्ति स्थायी रूपमा हटाइएको खण्डमा उक्त पडमा स्थायी समायोजन गर्न सकिन्छ पोड (pod) को पूर्वाभ्यासको समयतालिका यस्तो तरिकाले बनाउनु पर्दछ कि प्रवेश गर्ने/बाहिर निस्किने विन्दु साँघुरो नबनोस्, सेनिटाइज गर्ने र सामानहरू उपयुक्त तरिकाले राख्ने र कोठामा उपयुक्त तरिकाले हावा पस्ने (बीस मिनेट) अवसर मिलोस्।

**प्रश्न: डिस्ट्रिक्टले सरसफाइसम्बन्धी नियमहरू प्रदान गरेको छ ?**
**उत्तर:** डिस्ट्रिक्टले सरसफाइका सम्बन्धमा विद्यालय तथा कार्यालयका भवनहरूको परिष्कृत सरसफाइ र निसंक्रमणका लागि निर्देशिका प्रदान गरेको छ। धेरै छोइने र बारम्बार प्रयोग गरिने ठाउँलाई सेनिटाइज गर्ने गरी सफाइसम्बन्धी नियमहरू कार्यान्वयन गरिएको छ।

**प्रश्न: विद्यालयहरूका लागि कोभिड-19 सम्बन्धी के-के सामाग्रीहरू उपलब्ध छन् ?**
**उत्तर:** Business Services Department ले विद्यालय पुन: सुचारू गर्न आवश्यक पर्ने COVID-19 सँग सम्बन्धित सामाग्रीहरू वितरण गरेको छ। यी सामाग्रीहरूमा हेन्ड सेनिटाइजर, सरसफाइ तथा निसंक्रमणका सामानहरू, मास्क, पन्जा र सुरक्षा तथा सरसफाइसम्बन्धी अन्य सामानहरू पर्छन्। Business Services Department विद्यालयहरू पुन: सुचारू गर्न आवश्यक पर्ने COVID-19 सँग सम्बन्धित अतिरिक्त सामाग्रीहरूको साथमा तयार बसेको छ।

**प्रश्न: विद्यालय तथा कार्यालयका भवनहरूमा वायुसंचारको समस्या समाधान गर्न कस्ता उपायहरू अपनाइएको छ ?**
**उत्तर:** कर्मचारीहरू त्रैमासिक रूपमा सरसफाइ तथा फिल्टर परिवर्तनको काम सहित सबै HVAC युनिटहरू मर्मत गरिरहेका छन्। साथै, HVAC युनिटहरू Centers for Disease Control and Prevention र उद्योगहरूको सिफारिस अनुसार वायुसंचार बढ्ने गरी अनुकूलित गरिएको छ।

**प्रश्न: विद्यालय र काममा सुरक्षित साथ फर्कने कुरामा सहयोग गर्न कस्ता खालका सावधानी अपनाइएको छ ?**
**उत्तर:** रिसेप्टनको डेस्ट र सर्वसाधारणहरूको आवतजावत हुने कार्यक्षेत्रमा प्लेक्सीग्लासका पार्टिशनहरू लगाउने काम भइरहेको छ। धेरै भिडभाड हुने क्षेत्रहरूमा हेन्ड सेनिटाइजर डिसेन्सर राखिएको छ। साथै, मानिसहरूलाई स्वास्थ्य अभ्यास, प्रोटोकोल र सरसफाइको बारेमा सम्झाउनका लागि सबै स्थानहरूमा जनस्वास्थ्यसम्बन्धी चिन्ह राखिएको छ।

**प्रश्न: बसमा चढ्ने विद्यार्थीहरूका लागि कस्तो खालको सावधानी अपनाइनेछ ?**
**उत्तर:** विद्यार्थीहरूले अनिवार्य रूपमा मास्क लगाउनु पर्दछ र विद्यार्थीहरूले बसमा चढ्दै गर्दा हेन्ड सेनिटाइजर उपलब्ध हुनेछ। बसका चालक तथा सहयोगीले अनिवार्य रूपमा मास्क लगाउनु पर्दछ र उनीहरूलाई फेस शिल्ड प्रदान गरिनेछ।

**प्रश्न: योग्यता पूरा गरेका विद्यार्थीहरूलाई विद्यालय आउने जाने यातायात सेवा प्रदान गरिनेछ ?**
**उत्तर:** बसका रुटहरू नियमित समय जसरी नै सञ्चालन गरिनेछ। मिश्रित तालिकाले बसमा चढ्ने विद्यार्थीहरूको सङ्ख्या घटाउनेछ र बसमा सामाजिक दूरी कायम गर्न सहयोग गर्नेछ।

**प्रश्न: के मेरो बच्चा विद्यालयमा आफ्नो व्यक्तिगत उपकरण प्रयोग गर्न सक्छन् ?**
**उत्तर:** DCSD ले DCSD बाहेकका उपकरणहरूका लागि अतिथि नेटवर्कको पहुँच प्रदान गर्नेछ। स्कूल डिस्ट्रिक्टको नेटवर्कमा जोडिने अनुमति दिइने उपकरणहरूको सूची सबै अभिभावक तथा विद्यार्थीहरूलाई प्रदान गरिनेछ। कृपया के कुरा बुझ्नुहोस् भने डिस्ट्रिक्टले व्यक्तिगत उपकरण मर्मत वा समर्थन गर्दैन।

**प्रश्न: हामीले रिमोट लर्निङ अवधिमा उपकरण अस्वीकृत गरेको भए पनि मेरो बच्चा उपकरण प्रयोग गर्न सक्षम हुने छन् ?**
**उत्तर:** हो। डिस्ट्रिक्ट उपकरण आवश्यक परेका प्रत्येक विद्यार्थीलाई उपकरण प्रदान गर्न प्रतिबद्ध छ। अभिभावकले विद्यालयमा अनुरोध राख्नु हुनेछ र उपकरणको प्रयोगकर्ता सम्झौतामा हस्ताक्षर गर्नु हुनेछ। त्यसपछि विद्यार्थीलाई एउटा उपकरण प्रदान गरिनेछ।

**प्रश्न: विद्यालयमा भएको समयमा मेरो बच्चाको उपकरण बिग्रियो भने के गर्ने ?**
**उत्तर:** विद्यार्थीहरू आफ्ना व्यक्तिगत उपकरणहरूका लागि जबाफदेही हुने छन् । विद्यालयमा भएको समयमा कुनै उपकरण बिग्रियो भने विद्यालयले उक्त घटनालाई छानबिन गर्छ र सम्हाल्छ । विद्यार्थीले डिस्ट्रिक्टको उपकरण लिएका छैनन् उनीहरूले ती विद्यार्थीलाई प्रयोगको लागि उपकरण दिन सक्छन् ।

**प्रश्न: के मेरो बच्चालाई विद्यालयमा भएको समयमा इन्टरनेट कनेक्टिविटी उपकरण (हट स्पट) आवश्यक पर्छ ?**
**उत्तर:** स्कूल डिस्ट्रिक्टले सबै विद्यालय र स्थानहरूमा वायरलेस इन्टरनेट सुविधा प्रदान गर्छ । विद्यार्थीलाई इन्टरनेटमा जोडिन अतिरिक्त उपकरण आवश्यक पर्दैन ।

**प्रश्न: के मेरो बच्चाले घरमा पनि विद्यालयमा प्रयोग गरेकै भर्चुअल उपकरणहरूको पहुँच पाउने छन् ?**
**उत्तर:** भर्चुअल सिकाइ वातावरण जुनसुकै ठाँउबाट र जुनसुकै समयमा पहुँच गर्न सकिने क्लाउडमा आधारित एप्लिकेशनहरूबाट बनेको हुन्छ । यी उपकरणहरूको पहुँचमा अवरोध आउने छैन ।

**<u>कोभिड 19 को चिकित्सा सल्लाहकार समितिको बैठक</u>**

मसँग यो हप्ता भर्चुअल रूपमा भेट गर्न समय दिएकोमा चिकित्सा सल्लाहकार टोलीलाई विशेष धन्यवाद । यो समितिले सल्लाह दिने काम गर्दछ र उनीहरूलाई नियमित पठन-पाठनका सम्बन्धमा विद्यार्थी, अभिभावक, शिक्षक वा डिस्ट्रिक्टका अन्य कर्मचारीहरूको आवश्यकता पूरा गर्ने समय र सही परिस्थितिको बारेमा सुझाव दिने काम जिम्मा दिएको छ । कोभिड-19 को महामारीका दौडान विद्यालयहरू सुरक्षित तरिकाले सञ्चालन गर्ने सर्वोत्तम अभ्यासहरूको बारेमा छलफल गर्नका लागि महिनामा दुई पटक एक (1) घण्टाका लागि यो समितिको बैठक आयोजना गरिनेछ ।

क्याबिनेटका सदस्यहरूले यस हप्ताको व्यवसायिक बैठकमा "I AM" (आफ्नो बारेमा भएका) कविताहरू आदान-प्रदान गर्नुभयो । ती कविताहरूका केही प्रेरणादायक शब्दहरू यहाँ प्रदान गरिएको छ ।

**<u>क्याबिनेटसँगको बैठक</u>**

अन्त्यमा, मैले यो हप्ता क्याबिनेटसँगको बैठक सम्पन्न गरे । यो DCSD को विविधता र समावेशीकरण र कसरी सबै विद्यार्थीहरूका लागि समता र पहुँच कायम गर्ने भन्ने बारेमा छलफल गर्ने एउटा उत्कृष्ट अवसर थियो । धेरै सदस्यहरूले जातीय पूर्वाग्रहले कुनै विद्यार्थीको शैक्षिक र जीवनपर्यन्त सफलतालाई कसरी प्रभाव पार्छ भन्ने कुरा झन् राम्रोसँग बुझ्न अतिसंवेदनशील प्रश्नहरू सोध्नुभयो । प्रत्यक्ष अनुभवबाट मैले के जानेको छु भने जात र जातीयताको संवाद सबैका लागि अप्ठ्यारो बन्नसक्छ । तथापि, डिस्ट्रिक्ट सबै विद्यार्थीहरूको लागि शैक्षिक समानता प्रतिबद्ध छ ।

म सबैको सप्ताहन्त उत्कृष्ट साथ बितोस् भन्ने कामना गर्छु । हामी सुरक्षित साथ कसरी अगाडि बढ्न सक्छौं भनेर प्रतिक्रिया प्रदान गर्न समय प्रदान गरेकोमा परिवारहरूलाई धन्यवाद र रिमोट लर्निङमा हरेक दिन निरन्तर रूपमा अथक प्रयास दिने विद्यार्थीहरूलाई धन्यवाद ।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris